# बालबालिका परिवारको साथै राख्नु: हरेक प्रबन्धकको जिम्मेवारी

## तालिम पुस्तिका



# बालबालिका परिवारको साथै राख्नुः हरेक प्रबन्धकको जिम्मेवारी

STOP CHILD SEPARATION

बाल बिछोड रोकौं

# बाल बिछोड रोकौं


CWISH
सिविस
समाज सेवा तथा मानव अधिकारमा
महिला र बालबालिका

(Affiliated to Purbanchal University)
KADAMBARI MEMORIAL COLLEGE
School of Social Work

| | |
|---|---|
| प्रकाशक | : बाल बिछोड रोकौं परियोजना २०१९, सिविस |
| पाठ्यवस्तु विकास र लेखन | : प्रदिप्ता कादम्बरी, कादम्बरी मेमोरियल कलेज |
| पाठ्यवस्तु सहयोग | : रिटा टिसडेल, अल्टर नेटिभ टु सेपरेसन (एटोस), डेनमार्क<br>प्रमिता भुषण ढुंगाना |
| समिक्षा र सुझाव | : विन्दु पोखरेल गौतम, सिविस |
| नेपाली अनुवाद | : प्रमिता भुषण ढुंगाना |

# प्राक्कथन

नेपालमा धेरै गैर सरकारी संस्था बाल अधिकारका क्षेत्रमा कार्यरत रहेता पनि थोरै संस्थाहरु मात्र आमाबुवाबाट हेरचाह बाल अधिकार सुनिश्चित र प्रवर्धन गर्ने कार्यमा संलग्न छन् । नेपाल सरकारको बालबालिका सम्बन्धी ऐन २०७५ ले बालबालिकाका संस्थागत हेरचाहलाई अन्तिम विकल्पको रुपमा किटान गर्नुका साथै बालबालिकालाई आमाबुवाबाट अनावश्यक बिछोड हुन नदिने नीति र कार्यक्रम तय गरेता पनि आवश्यक श्रोत, विषयगत ज्ञान, तालिम प्राप्त जनशक्तिको अभाव र कार्यान्वयन पक्ष कमजोर हुँदा स्थानीय र देशव्यापी तहमा बाल बिछोडको स्थितिमा उल्लेखनीय परिवर्तन हुन सकेको छैन । सामान्यता बालबालिकाको आमाबुवाबाट हेरचाह बाल अधिकार, बाल बिछोडको दुष्परिणाम र बिछोडको उत्तम विकल्पका विषयमा धेरै राजनीतिज्ञहरु, दाताहरु, परिवार र आमाबुवाहरु पनि अनभिज्ञ छन् । हाल बालबालिकाको संरक्षण र बाल अधिकार सुनिश्चिताको जिम्मेवारी स्थानीय तहमा आएकोले स्थानीय बाल संरक्षण संयत्र/प्रणालीको क्षमता विकास र सुदृढीकरण गर्नु बाल अधिकार क्षेत्रमा कार्यरत सबै संस्थाहरुको प्राथमिकता हुनु पर्ने देखिन्छ ।

विगत एक दशक भन्दा बढी समयदेखि समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस), बालबालिकाको आमाबुवाबाट हेरचाहको बाल अधिकारको विषयमा क्रियाशील रहेको छ । यस कार्यमा सन् २०१८ मा सम्पन्न परियोजना "आमाबुवाबाट हेरचाह बाल अधिकार प्रवर्धन"ले समुदाय स्तरमा काम गर्ने कार्यकर्ताहरु माफ यस विषयमा ज्ञानको कमी र सचेतना तालिमको आवश्यकता देखाएको थियो । त्यसैगरी संस्थागत रुपमा कर्मचारीहरु छिटो छिटो परिवर्तन हुने, संस्थागत ज्ञान र स्मृति हराउने अवस्थाहरुले पनि संस्थागत रुपमै अनुभवी र तालिम प्राप्त व्यक्तिहरुको निरन्तरता र संस्थागत ज्ञान व्यवस्थापनमा चुनैती रहेको थियो । यसैले, संस्थागत रुपमा आमाबुवाबाट हेरचाह बाल अधिकार विषयको ज्ञान व्यवस्थापन सहित सामाजिक कार्यकर्ता र कर्मचारीहरुको निरन्तर विकासको लागि यो तालिम पुस्तिका तयार गरिएको छ । प्रबन्धक वा वरिष्ठ तहमा रही काम गर्ने व्यक्तिहरुले यस सम्बन्धि ज्ञान र अनुभव आदान प्रदान गर्दा बालबालिकालाई परिवारमा राखि उनीहरुको उच्चतम विकास सुनिश्चित गर्न र अनावश्यक बिछोडबाट बचाउन,आफ्ना सबै कार्यक्रमहरुलाई दिशा निर्देश गर्ने र बालबालिकाका आमाबुवाबाट हेरचाहको बाल अधिकार प्रवर्धनमा स्वामित्व बढ्ने विश्वास लिईएको छ ।

यो पुस्तिका सन् २०१९ देखि संचालित "बालबिछोड रोकौं" परियोजना अर्न्तगत अल्टर नेटिभको सेपरेसन (एटोस) डेनमार्ककी रिटा टिसडेलको सल्लाहमा परियोजनाको साझेदार सामाजिक कार्य शैक्षिक संस्था कादम्बरी मेमोरियल कलेजकी प्रदिप्ता कादम्बरीद्धारा विकास गरिएको हो । यसमा सिविसकी विन्दु पोखरेल गौतमको समीक्षा र मनिता धरेलको सहयोग रहेको छ । नेपाली अनुवादमा सहयोग प्रमिता भुषण ढुंगानाको रहेको छ । परियोजना संचालक सिविसको प्रकाशन गरेका यस तालिम निर्देशिकाका थप विषय तथा अन्य सामाग्रीहरु https://www.stopchildseparation.org/post/category/prechise-managers-training-manual मा पनि उपलब्ध गराईएको छ ।

## उद्धेश्य

यो तालिम निर्देशिका संस्थाका कार्यकारी समितिका पदाधिकारी, व्यवस्थापकीय कार्यमा कार्यरत कर्मचारी तथा कार्यक्रम संयोजकका लागि सहयोगी सामाग्रीको रुपमा तयार गरिएको छ । आफ्ना संस्थागत नीति नियम बनाउँदा वा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा आमाबुवाबाट हेरचाह बाल अधिकारको पक्ष नछुटोस् भनेर सुनिश्चित गर्ने

तथा कर्मचारी नियुक्ति, तालिमका साथै संस्थागत ज्ञान र स्मृति व्यवस्थापनमा पनि यस विषय प्रवर्धन र सम्बर्धन गर्न मद्दत गर्दछ ।

तालिमले सहभागीहरुमा "आमाबुवाबाट हेरचाह बाल अधिकारको निम्न उदेश्य प्राप्त हुने विश्वास लिएको छ ।

१. अन्तराष्ट्रिय र राष्ट्रिय संवाहकहरुको ज्ञानलाई समृद्ध बनाउन ।

२. नेपालको स्थिति र समस्याहरुबारे जानकारी अद्यावधि गर्न ।

३. बालबालिकामा बाल बिछोडका दुष्परिणाम बारेमा चिन्तन गर्न ।

४. नेपालमा बालबालिका र पारिवारिक बिछोडका तथ्यहरुमा महत्वपूर्ण सोच निर्माण गर्न ।

५ बाल बिछोड रोकथामका लागि द्धारपालन संयन्त्र बारेमा छलफल गर्न ।

६ बालअधिकार संस्थाका विशेषता र बाल अधिकार कार्यप्रति प्रतिबद्धता पुनरावलोकन गर्न र संस्थागत प्रणालीमा आमाबुवाबाट हेरचाह बाल अधिकार समायोजन गर्न क्षमता अभिवृद्धि गर्न ।

**उक्त उद्देश्य अनुरुप यो पुस्तिका ८ सत्र भित्र निम्न शिर्षकमा तयार पारिएको छ।**

सत्र १ : उद्घघाटन र तालिम वातावरण निर्माण

सत्र २ : आमाबुवाबाट हेरचाह, हरेक बालबालिकाको अधिकार ! बालअधिकारका विश्वव्यापी र स्थानीय संवाहकहरु

सत्र ३ : बाल बिछोड बालबालिकाको जीवनकै दुःखदायी घटना ! बाल बिछोड र बालबालिकामा यसका प्रभाव

सत्र ४ : नेपाल सबैको चासोको देश ! पारिवारिक बिछोडका चिन्ताजनक पक्षहरू

सत्र ५ : बालबालिकालाई परिवारसंगै राखौ ! द्धारपालन संयन्त्र र प्रभावकारिता

सत्र ६ : सुदृढ संस्था सुरक्षित बालबालिका ! बलियो बाल अधिकार संस्था निर्माणका पक्षहरु

सत्र ७ : सबै बालबालिकालाई आमाबुवाको हेरचाह ! संस्थागत प्रणालीमा आमाबुवाबाट हेरचाहको बाल अधिकार

सत्र ८ : समापन

**तालिम पद्दति**

यस तालिमले व्याख्यान, समूहगत छलफल र व्यक्तिगत र व्यवसायिक जीवनमा अन्तरदृष्टि सहितको अनुभव आदान प्रदान हुने विधि अवलम्बन गरेको छ ।

**तालिम सहभागी**

यो तालिममा बाल अधिकार संस्था वा यस क्षेत्रमा प्रमुख भूमिका निर्वाह गर्ने कार्यकारी पदाधिकारीहरु व्यवस्थापक, कार्यकारी प्रमुख तथा कार्यक्रम संयोजक जस्ता नीतिगत विषयमा भूमिका खेल्ने र कार्यक्रम संचालनमा कर्मचारी अभिमुखिकरण, निगरानी र मूल्यांकन गर्दै संस्थागत ज्ञान र स्मृति व्यवस्थापनलाई टेवा पुऱ्याउने व्यक्तिहरु सहभागी हुन सक्छन् ।

# सत्र १
# उद्‌घाटन तथा तालिम वातावरण तयारी

समयः १ घण्टा
विधि : छलफल
सामाग्री : पावर पोइन्ट, मार्कर, मेटाकार्ड




## सत्रको उदेश्यः

एक आपसमा परिचय, अपेक्षा संकलन र तालिम वातावरण निर्माण गर्ने ।

## क्रियाकलाप १.१ : स्वागत र परिचय

- सहजकर्ताले पहिलो सत्रमा सबैलाई स्वागत गर्ने र तालिमको उद्देश्य प्रष्ट पार्ने ।
- सबैलाई परिचय र तालिम वातावरण तयारीको लागि सहजीकरण गर्ने ।
- “आज हामी को को छौं यहाँ ?” भन्ने क्रियाकलाप मार्फत एक साथी जो पहिले नचिनेको वा कम चिनेको छान्न लगाउने र साथीको निम्न कुरा पत्ता लगाउन लगाउने ।

  १. साथीको नाम

  २. साथीको संस्था वा काम

  ३. एउटा विशेषण जो प्रबन्धकको गुण हो र साथीको बलियो पक्ष पनि हो, सोधेर नामको अगाडी लेख्न लगाउने (जस्तो उत्साहित उत्सव, सिर्जनशील सविता)
- चिनजान पछि साथीको परिचय उक्त बिशेषण सहित सबैका माझ गर्ने ।
- सहभागीहरुको नामको अगाडी लेखिएको प्रबन्धकको गुण संक्षेपीकरण गर्दै सबैलाई प्रबन्धक वा आफ्नो विभाग वा क्षेत्रको प्रबन्धकको रुपमा दिनभरि रहि दिनु हुन वा मानि दिन ‘हुन अनुरोध गर्ने ।

✓ नोटः सहभागिहरुलाई रोचक तरिकाले एक अर्कामा घुलमिल हुने गरी परिचय भिन्न तरिकाले पनि गराउन सकिने छ ।

### क्रियाकलाप १.२ : अपेक्षा संकलन

- सबै सहभागीहरु १,२,३ भनी गन्न लगाई, ३ वटा समुहमा विभाजन गर्ने
- भित्तामा ३ वटा चार्टपेपर टास्ने र निम्न बमोजिम लेख्ने ।

  १.प्रशिक्षण सामाग्री

  २. सहजकर्ता

  ३. सहभागी

- प्रत्येक समुहलाई एउटा एउटा चार्ट पेपरको अगाडी उभिएर आ-आफ्नो विषयका प्रश्नहरुमा छलफल गरि चार्ट पेपरमा लेख्न लगाउने (समय ३ मिनेट)

१. प्रशिक्षण सामाग्री : म यो तालिमबाट के सिक्न चाहन्छु ?

२.सहजकर्ता : राम्रो सिकाईको लागि सहजकर्ताले के गर्नु पर्छ ?

३. सहभागीहरु : तालिमको राम्रो तालिम वातावरणको लागि म साथीहरुबाट के आशा गर्छु ?

- ३ मिनेट पछि प्रत्येक समुहका सहभागीहरुलाई एउटा चार्ट पेपरबाट अर्को चार्ट पेपरमा जान लगाउने र त्यहाँको प्रश्न पढी केही थप्न पर्ने भए थप्न लगाउने ।
- सहभागीहरुबाट आएको अपेक्षाहरुलाई पढ्ने, सामाग्रीमा तालिमको उद्देश्य अनुसार अपेक्षा मिलान गर्ने र सहभागीहरुबाट उल्लेख गरेका कुरा समेटेर नियमहरु बनाउदै सबैका लागि उत्तम प्रशिक्षणको वातावरण तयार पार्ने ।

## मुख्य सन्देशः

✍ यो तालिम बालबालिकाको आमाबुवाबाट हेरचाह बाल अधिकार संरक्षण, सुनिश्चिता र प्रवर्धनमा बाल अधिकारकर्मी र कार्यकर्ताको प्रमुख दायित्व अनुरुप, विषयगत ज्ञान तथा संवेदनशीलता अभिवृद्दि, आफ्ना नीति तथा कार्यक्रममा यस विषय समायोजनका लागि तयार पारिएको छ ।

✍ बाल अधिकार महासन्धिले पारिवारीक वातावरणमा आमाबुवाको ममत्वपूर्ण हेरचाहमा हुर्कन पाउने अधिकार सुनिश्चित गरेता पनि बालबालिका अनावश्यक रुपमा घरपरिवारबाट छुटिने क्रम यथावत नै छ । शिक्षा र भविष्यमा पाईने अवसरको लोभमा आमाबुवाको हेरचाहको अवसर गुमिरहेको छ । विगत ८० वर्ष लामो अध्ययन र अनुभवमा बाल बिछोडले बालबालिकाको विकास र जीवनमा नकारात्मक असर पारेको देखिएको छ ।

✍ यसैले बालबालिकाको परिवारीक वातावरणमा आमाबुवाको ममत्व र हेरचाहको यस अधिकारलाई सुनिश्चित गर्न संयुक्त राष्ट्रले वैकल्पिक हेरचाह निर्देशिका अनुमोदन गर्नुका साथै परिवारबाट बिछोड भोगिरहेका वा उक्त जोखिममा रहेका बालबालिकाको लागि काम गर्न सन् २०१९ मा संकल्प प्रस्ताव पारित गरेको छ । यस पृष्ठभूमिमा, हरेक बाल अधिकार क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थाले यस सम्बन्धि अधिकारको विषयवस्तु आफ्नो कार्यमा नछुटोस् भनि विशेष ध्यान दिनु जरुरी भएको छ ।

# सत्र २
# आमाबुवाबाट हेरचाह, हरेक बालबालिकाको अधिकार !
# बालअधिकारका विश्वव्यापी र स्थानीय संवाहकहरू

समयः १ घण्टा

विधि : व्याख्यान, छलफल


सामाग्री : पावर पोइन्ट/न्युज प्रिन्ट पेपरमा तयार सामाग्री , फ्लिप चार्ट, मार्कर, मेटाकार्ड

*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः https://www.stopchildseparation.org/post/category/prechise-managers-training-manual*

## सत्रको उद्धेश्य

यस सत्रमा सहभागीहरुले आमाबुवाबाट हेरचाह अधिकारको अर्थ बुझ्नुको साथै बाल अधिकार महासन्धि, संयुक्त राष्ट्र संघीय वैकल्पिक हेरचाह निर्देशिका, २०१९ संयुक्त राष्ट्र संघीयसंकल्प प्रस्तावलाई अन्तराष्ट्रिय संवाहकहरुको रुपमा र नेपालको बालबालिका सम्बन्धी ऐन २०७५ स्थानीय संवाहकको रुपमा रहेको जानकारी प्राप्त गर्नेछन् ।

## क्रियाकलाप २.१ : छलफल र व्याख्यान




तयार पारिएको पावर प्वाईन्ट स्लाईडहरु वा न्यूज प्रिन्टमा लेखिएका बुँदा क्रमशः सहभागितामुलक तरिकाबाट छलफल सहित व्याख्या गर्न र सहभागीको कुरा पनि लिंदै साझा बुझाई बनाउने ।

**बुँदा २.१.१ आमाबुवाबाट हेरचाह बाल अधिकारको अर्थ**

- आमाबुवाबाट हेरचाह पाउनु हरेक बालबालिकाको अधिकार हो र उक्त हेरचाह प्रदान गर्नु आमाबुवाको जिम्मेवारी हो । बालबालिकालको सर्वोत्तम हित विपरितको अवस्थामा बाहेक बालबालिकाको आफ्नो आमाबुवा सहित पारिवारीक वातावरणमा हुर्कन पाउने अधिकार रहेको कुरा छलफल गर्दै व्याख्या गर्ने ।

✓ नोट : बालबालिकाको सर्वोत्तम हित भन्नाले त्यस्तो ममत्वपूर्ण हेरचाह र हेरचाह जसले बालबालिकाको उच्चतम हितलाई प्राथमिकतामा राख्दै बालबालिकाको व्यक्तिगत आवश्यकता परिपूर्ति गर्नुको साथै बालबालिकाहरुको विकाशील अवस्थालाई मध्यनजर गर्दै, उनीहरुको इच्छाको सम्मान र सहि मार्गदर्शन गर्दछ ।

**बुँदा २.१.२: आमाबुवाबाट हेरचाह बाल अधिकारका मुख्य पथप्रदर्शकहरु (अन्तराष्ट्रिय)**

- आमाबुवाबाट हेरचाह पाउनु पर्ने बालबालिकाको अधिकारको बारेमा सन् १९९२ डिसेम्बर १६ तारिखकको संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिलाई मूख्य मार्गदर्शकको रुपमा लिईएको छ जुन सन् १९९२, १५ जनवरीबाट १९६ देशहरुले अनुमोदन गरि संयुक्त राट्रसंघ महासभा मार्फत् प्रयोगमा रहेको छलफल गर्दै व्याख्या गर्ने ।




**बुँदा २.१.२.क : संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि**


- बालबालिकाहरुको अधिकारका लागि संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धिले परिवारलाई समाजको अत्यावश्यक समूहको रुपमा मान्यता दिएको छ जसमा सबै सदस्यहरु विशेषत बालबालिकाहरुको विकास र भलाईको प्राकृतिक वातावरण हुने उल्लेख छ । बाल अधिकार महासन्धिका सातवटा खण्ड (३, ५, ९, १०, १८) ले बालबालिकाहरुले पाउने आमाबुवाको हेरचाहको अधिकार बारेमा प्रष्ट उल्लेख गरिएको व्याख्या गर्ने ।




✓ नोट : यसका लागि सन्दर्भ सामाग्री हेर्नुहास् https://www.stopchildseparation.org/post/un-convention-on-the-rights-of-the-child-310-25-12-2020


**बुँदा २.१.२.ख : बालबालिकाको बैकल्पिक हेरचाह सम्बन्धि संयुक्त राष्ट्रसंघीय निर्देशिका विकास**

- बालबालिकाहरुको अधिकारका लागि संयुक्त राष्ट्रसंघीय महासन्धिले बालबालिकाहरुले आमाबुवाको हेरचाह पाउनु पर्ने अधिकार घोषणा गरेता पनि स्रोत साधनको अभाव वा भौतिक गरिबीले गर्दा धेरै देशहरुमा संयोगवस् वा रहरले बालबालिकाहरु आमाबुवाको हेरचाहबाट वञ्चित हुने घटनाहरु भईरहेका छन् । त्यस्ता बालबालिकाहरुलाई हेरचाहका लागि दिईएको सेवा सुविधाहरुमा बालबालिकाको सर्वोत्तम हित अनुरुपका संरक्षण प्राथमिकता नदिई जोखिमलाई बढावा दिईरहेको पाईएको छ । यहि कारणले गर्दा नै संयुक्त राष्ट्रसंघले वैकल्पिक हेरचाह निर्देशिका विकास गरेको छ जसले बालबालिकाहरुले पाउने आमाबुवाको हेरचाह र बालबालिकाको लागि पारिवारीक वातावरणलाई परिभाषित गदै वैकल्पिक हेरचाहको उद्देश्य, निर्णय र व्यवस्थापनका लागि मार्गनिर्देशन गरेको कुरा यसको विकासक्रम सहित व्याख्या गर्ने ।



**बुँदा २.१.२.ख.१ : संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिका**

- यो निर्देशिका आमाबुवाको हेरचाहबाट वञ्चित भएका र वञ्चित हुने जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुको विशेष संरक्षण र सर्वोत्तम हितका लागि सम्बन्धित राष्ट्रको नीति निर्माण तथा अभ्यासलाई लक्षित गरि तयार गरिएको यसको ढाँचा र उदेश्यमा लेखिए अनुसार व्याख्या गर्ने ।




**बुँदा २.१.२.ख.२ : संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिका योजना**

- यो निर्देशिका बालबालिकाहरुलाई परिवारमै रहन सहयोग गर्न, पारिवारिक हेरचाह गुमाएकालाई परिवारमै फर्काउने प्रयासलाई टेवा पुरयाउका लागि तयार गरिएको हो । यदि त्यसो गर्न सकिएन भने राष्ट्रको परिवेश सुहाँउदो परिवारमा आधाारित वैकल्पिक हेरचाहको लागि उपयुक्त र दीर्घकालीन समाधान निकाल्नका लागि मार्गनिर्देशन गर्छ भन्ने व्याख्या गर्ने । ।




**बुँदा २.१.२.ख.३ : संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाहका तीन आधार स्तम्भ र दुई सिद्वान्तहरु**

- संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिका बालबालिकाको हेरचाह सम्बन्धि तीन आधार स्तम्भ र दुई सिद्वान्तहरुद्धारा बनेको छ। यी तीन आधार स्तम्भहरु भनेका बालबालिकाहरुको परिवारबाट अनावश्यक बिछोडको रोकथाम, अत्यावश्यक पारिवारीक बिछोडको हकमा उचित वैकल्पिक हेरचाहको व्यवस्था र बालबालिकाहरुलाई परिवार/परिवारमा आधारित हेरचाहमा पूनर्मिलन हुन् । यी हरेक आधार स्तम्भहरु कार्यन्वयन गर्ने कृयाकलापहरु दुई सिद्धान्तहरुद्वारा निर्देशित छन् । ती हुन्, आवश्यकताको सिद्धान्त र उपयुक्तताको सिद्धान्त। यी ३ आधार स्तम्भहरु र दुई सिद्धान्तहरु संलग्न गर्दै द्धारपालनले बाल सुरक्षाकवचको मजवुत संयन्त्र निर्माण गरेको प्रष्ट पार्ने ।




**बुँदा २.१.२.ख.४ वैकल्पिक हेरचाहमा आवश्यकताको सिद्धान्त र उपयुक्तताको सिद्धान्त**


❖ उपयुक्त सहयोगका बावजुद बालक वा बालिकाको परिवार निजको पर्याप्त हेरचाह गर्न सक्षम नभएमा वा निजलाई



परित्याग गरेमा, बालबालिकाको हित विपरित भएमा, बालअधिकार संरक्षणकर्ता र आधिकारप्राप्त स्थानीय निकाय तथा आधिकार प्राप्त नागरिक समाज संस्थाहरुबाट बालबालिकाको सर्वोतमा हित आंकलन गरि परिवार वा आमाबुवा बाट अलग्याउन आवश्यक देखिनु नै आवश्यकताको सिद्धान्त भएको उपयुक्त उदाहरण छलफल गर्दै प्रष्ट पार्ने । वैकल्पिक हेरचाह आन्तर्गत राखिएको बालक वा बालिकाको हेरचाह सुरक्षा, निजको उच्चतम हित अनुरुप व्यक्तिगत आवश्यकता परिपूर्ति गर्न कतिको सहि छ वा छैन भन्ने कुराको सुनिश्चितता नै उपयुक्तताको सिद्धान्त भएको उपयुक्त उदाहरण छलफल गर्दै प्रष्ट पार्ने ।


✓ नोट : यसका लागि सन्दर्भ सामाग्री हेर्नुहास् https://www.stopchildseparation.org/post/un-alternative-care-guidelines-887-16-04-2021

**बुँदा २.१.२.ग : संयुक्त राष्ट्रसंघीय महासभा २०१९ संकल्प**




- सन् २०१९ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघीय महासभाको तेस्रो समितिले बालबालिकाहरुले परिवारमा रहन पाउने र पारिवारिक वातावरणमा हुर्कन पाउने अधिकारलाई विशेष महत्व दिदै, आमाबुवाको हेरचाहबाट वञ्चित भएका बालबालिकालाई उचित वैकल्पिक हेरचाहको व्यवस्था गरि हरेक बालबालिकाहरुले आमाबुवाबाट ममत्वपूर्ण हेरचाह पाउने वातावरणको अभावको समस्यालाई सम्बोधन गर्ने प्रतिवद्धता जनाउँदै संकल्प पारित गरेको छ । नेपालले पनि उक्त संकल्पलाई कार्यन्वयन गर्ने प्रतिबद्धता जनाउँदै सन् २०२० मा हस्ताक्षर गरेको बताउने । यस संकल्पले वैकल्पिक हेरचाहमा रहेका बालबालिकाहरुको अधिकारलाई संरक्षण कार्यन्वयन गर्ने प्रतिबद्धता पनि गरेको बताउने ।

**बुँदा २.१.३. आमाबुवाबाट हेरचाह बाल अधिकारका मुख्य पथप्रदर्शक (राष्ट्रिय)**







- आमाबुवाको हेरचाह पाउने बालबालिकाहरुको अधिकारलाई सुनिश्चितता नेपालको बालबालिका सम्बान्धी ऐन २०७५ले पनि गरेको छ । उक्त ऐन अनुसार आमाबुवा नै यस अधिकार सम्बन्धी मूख्य कर्तव्य पालक

हुन् । साथै यस ऐनले बालबालिकाको परिवारका अन्य सदस्यहरुलाई पनि हेरचाह गर्ने सदस्यको रुपमा उक्तिकै महत्व दिएको छ । यो कर्तव्य पालना गर्दा आमाबुवाले बालबालिकाहरुको व्यक्तित्व विकासका लागि मायालु र हेरचाहपूर्ण पारिवारिक वातावरण सिर्जना तथा शिक्षाको अवसर प्रदान गर्दै सुन्दर भविष्य निर्माणको लागि भूमिका खेल्नु पर्ने हुन्छ । राज्यले पनि परिवारले उनीहरुको बालबालिकाको हेरचाह गर्ने कर्तव्य पालना गर्नका लागि साथ र सहयोग गर्नुपर्ने छलफल गर्दै व्याख्या गर्ने ।

**बुँदा २.१.३.क : नेपाल बालबालिका सम्बन्धी ऐन २०७५ मा बालबालिकाको वैकल्पिक हेरचाह**

- नेपालको बालबालिका सम्बन्धी ऐन २०७५ले, संयुक्त राष्ट्रसंघको वैकल्पिक हेरचाह निर्देशिका अनुसरण गर्दै बालबालिकाहरुलाई विशेष संरक्षण र वैकल्पिक हेरचाहको व्यवस्था सुनिश्चित गरेको छ । त्यस्ता बालबालिकाहरुको हेरचाह संयुक्त राष्ट्रसंघीय निर्देशिका अनुसार गर्ने प्रावधानको व्यवस्था गरेको छ । साथै यसले संस्थागत स्याहारलाई अन्तिम उपायको रुपमा राखेको प्रष्ट पार्ने ।





## क्रियाकलाप २.२ :सामूहगत छलफल (समय १५ मिनेट)

- सहभागीहरुलाई २ समूहमा विभाजन गर्ने र एक एक प्रश्नमा छलफल गरि प्रस्तुति गर्न भन्ने

  १. यति धेरै सन्धि/संकल्पहरु नीति तथा नियमहरु हुँदाहुँदै पनि किन बालबालिकाहरु उनीहरुका आमाबुवा संग छुटिने गरेका छन् ?

  २. नेपालमा यी विश्वव्यापी र राष्ट्रिय उपकरणहरुको प्रयोग सुनिश्चित गर्न बाल अधिकार संस्थाहरुले के के गर्न सक्छन् ?




सन्धि/संकल्पहरु नीति तथा नियमहरु हुँदाहुँदै पनि कार्यान्वनको पक्षको कमजोरी हटाउन आफ्नो संस्थाहरुका कार्यक्रममा बालबालिकाहरु आमाबुवाबाट अनावश्यक बिछोडमा नपर्ने सुनिश्चितता गर्न आवश्यक रहेको भन्दै मुख्य सन्देश सहित विषयवस्तु एकिकरण गर्दै सत्र समापन गर्ने ।

## मुख्य सन्देश

- ✍ आमाबुवाको ममत्व र हेरचाह पाउनु पर्ने हरेक बालबालिकाको मानव अधिकार हो । बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखि आवश्यक अवस्थामा बाहेक बालबलिका आमाबुवासंग पारिवारिक वातावरणमा हुर्कन पाउनु पर्छ ।
- ✍ जोखिम र अत्यावश्यक बाल बिछोडको अवस्थामा बालबालिका सर्वोत्तम हितलाई ध्यानमा राखि सम्बन्धित कुराहरुलाई सम्बोधन गर्न संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिका तयार भएको र सन् २०१० देखि

अबलम्वन गरिएको छ । यसले अनावश्यक बाल बिछोडको रोकथाम सुनिश्चित गर्न, परिवारबाट अलग रहनु अत्यावश्यक नै हो भने उपयुक्त वैकल्पिक हेरचाहको व्यवस्था गर्न, बालबालिकाहरुलाई परिवारमै फर्कन र परिवारमा आधारित स्याहारमा पुर्नस्थापना गर्नका लागि मार्गनिर्देश गर्दछ ।


- ✍ पून : सन् २०१९ डिसेम्वर १८मा संयुक्त राष्ट्रसंघले आमाबुवाको हेरचाहबाट वञ्चित भएका बालबालिकाहरुको हेरचाह पाउनु पर्ने अधिकारलाई विशेष प्राथमिकता दिंदै, आमाबुवाको हेरचाह पाउने अधिकारको अभाव पूर्ति गर्न, आमाबुवाबाट हेरचाहलाई प्रवर्द्धन गर्न, उचित वैकल्पिक हेरचाहको व्यवस्था, अपाङ्गता भएका र अन्य सबै बालबालिकाहरुले उचित पारिवारिक वातावरणमा हुर्कन पाउने अधिकारलाई महत्व दिंन संकल्प पारित गरेको छ ।
- ✍ नेपालको बालबालिका सम्बन्धी ऐन २०७५ मा बालबालिकाको आमाबुवाबाट पाउनु पर्ने हेरचाह सम्बन्धि अधिकारका सबै पक्षहरु, वैकल्पिक हेरचाहमा रहेका बालबालिकाहरुको विशेष संरक्षण र स्याहार सुसारका प्रावधानहरु समेटिएका छन् । यसले बालबालिकाहरुको संस्थागत हेरचाह वैकल्पिक हेरचाहको अन्तिम विकल्प हो भनेर व्यवस्था गरेको छ ।
- ✍ बाल अधिकार संस्थाहरुले आमाबुवाबाट हेरचाह बाल अधिकारका यी विभिन्न अन्तराष्ट्रिय र राष्ट्रिय सन्धि, संकल्प नीति र नियमहरु बुझ्ने र आफ्ना कार्यक्रममा यस विषय समाहित गर्नु पर्ने हुन्छ ।

# सत्र ३
# बाल बिछोड बालबालिकाको जीवनकै दुःखदायी घटना !
# बाल बिछोड र बालबालिकामा यसका प्रभाव

समयः १ घण्टा
विधि : व्याख्यान, छलफल
सामाग्री : पावर पोइन्ट/न्युज प्रिन्ट पेपरमा तयार सामाग्री , फ्लिप चार्ट, मार्कर, मेटाकार्ड
*नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः https://www.stopchildseparation.org/post/category/prechise-managers-training-manual*

## सत्रको उद्देश्य


- आमाबुवाबाट हेरचाह र हेरचाहको बाल अधिकारबाट अलग हुनुको अर्थ र यसले बालबालिकाको जीवनमा पार्ने प्रभावका तात्विक पक्षलाई बुझ्न सहयोग पुऱ्याउनुका साथै संस्थागतीकरण र बन्देजपूर्ण हुर्काईका हानी नोक्सानी, प्रमाणका आधारमा विश्लेषण गर्न सहयोग पुऱ्याउनेछ भन्ने प्रष्ट पार्ने ।




## क्रियाकलाप ३.१ छलफल र व्याख्यान

- अब हामी बाल बिछोडबाट पर्न गएका प्रभावका बारेमा छलफल गर्छौ भनि बताउने । यस सन्दर्भमा सहभागीहरुलाई थाह भएका कुराहरु सोध्ने र भन्नलाई २/३ मिनेटको समय उपलब्ध गराउने । सहभागीबाट आएका कुरालाई टिप्दै निम्न बुँदाहरु स्लाईड वा न्यूज प्रिन्टमा तयार पारिएका सामाग्री देखाउने सहभागिमूलक तरिकाबाट व्याख्या गर्दै जाने । यसका लागि बिचबिचमा प्रश्नहरु गर्नु जरुरी हुन्छ । अनुभव आदानप्रदानको माध्यमबाट हानी नोक्सानीका प्रमाणहरु महशुस हुने गरी छलफल चलाउने ।

### बुँदा ३.१.१ बाल बिछोडको परिभाषा




- संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिकाले आमा बुवाको हेरचाहबाट वञ्चित भएका बालबालिकाहरु भन्नाले कुनै पनि बालबालिका जुनसुकै कारण वा अवस्थाले गर्दा आमा वा बुवा मध्ये एक जना पनि साथमा नभएर अलग्गै बसिरहेकालाई जनाएको छ । बाल बिछोडको विभिन्न आयामहरु छन्; आवासीय हेरचाह केन्द्रको नाममा, अनाथाश्रम, बालश्रमिकको रुपमा अर्काको घरमा, उद्योग कलकाखाना वा अरु कुनै क्षेत्रमा काम गरिरहेका, अध्ययनका लागि आफन्त नातेदार पारिवारिक साथीसँग वा एक्लै बस्ने, असुरक्षित वा वेवारिसे अवस्थामो बस्ने, सडक बालबालिकाहरु र बाल सुधार गृह सहित बालहिरासतमा बस्ने बालबालिकाहरु यस अन्तर्गत पर्दछन् भन्ने प्रष्ट पार्ने ।


### बुँदा ३.१.२ बाल बिछोडको तीन तत्वहरु

- बाल बिछोडको तीन तत्वहरुले बाल बिछोड भएको अवस्थाको बारेमा थप प्रष्ट पार्छ । ती तत्वहरु मध्येका तीनै तत्व वा कुनै एक मात्रले पनि बाल बिछोड भएको जनाउँदछ । यी तीन तत्वहरु ,(क) बालबालिकाको स्वस्थकर बालविकासको अवसर गुमेको अवस्था, (ख) बाल संस्थागतीकरण, (ग) बन्धकपूर्ण नियन्त्रित बालजीवन सामाग्री मार्फत व्याख्या गर्ने ।





### बुँदा ३.१.३ बालबालिकाहरूको बिछोडको अवस्था

- विश्वव्यापि तथ्यांकले विश्वभरि संस्थागत हेरचाहमा बसिरहेका बालबालिकाहरूको संख्या ३.१८ मिलियन (३१ लाख ८० हजार) देखि ९.४२ (९४ लाख २० हजार) मिलियन २०२०को एक अध्ययनले देखाएको छ। यो संख्यामा विद्यालयको आवासगृहमा बसिरहेका बालबालिकाहरू, रोजगारदाताहरुसँग बसिरेहेकाहरु, सडक बालबालिकाहरु वा हराइरहेका बालबालिकाहरू पर्दैनन् । संस्थामा बस्ने ठूलो संख्याको बालबालिका मध्ये ८०% भन्दा धेरै बालबालिको आमाबुवा मध्ये एकजना जिवितै रहेको देखिएको प्रष्ट पार्ने ।




### बुँदा ३.१.४ नेपालमा भइरहेको बाल बबिछोडको परिमाण

- केन्द्रिय बालकल्याण समिति (सि सि डब्लु बि) र राष्ट्रिय बाल अधिकार परिषदको नेपालमा संस्थाहरुमा बसिरहेको बालबालिकाहरुको विवरणले आमाबुवाबाट छुट्टिएर बालगृहमा रहेका संख्या मात्र देखाउंछ । हराइरहेका र हालसम्म नभेटिएका, बाल श्रमिक, तस्करीमा परेका, आवासीय विद्यालयमा बसिरहेका, आवासीय स्याहार केन्द्रहरु, अपाङ्गता आवासगृह, धार्मिक शिक्षालयहरु रहेका बालबालिकाहरूको संख्या एकत्रित गरियो भने बाल बिछोडमा परेका बालबालिकाहरूको संख्या/परिमाण सबैको लागि चासो र बाल अधिकार संस्थाको लागि चिन्ताको विषय हुने बताउने ।






✓ नोट : अध्ययन रिपोर्ट सामाग्री www.stopchildseparation.org मा उपलब्ध छ ।

## क्रियाकलाप ३.२ : समूहगत छलफल र व्याख्यान (समय १५ मिनेट)

- सहभागीहरुलाई तीन समूहमा विभाजन गर्ने ।
- अगाडी छलफल गरिएका वातावरण बालबालिकाहरुको लागि कत्तिको हानिकारक हुनसक्ला ?
- आफ्नो समूहमा छलफल गरी एकजनालाई समूहको नेतृत्व गर्दै समूहको विचार प्रस्तुत गर्न लगाउने ।
- सहभागीबाट आएका कुरालाई समेट्दै बालबालिकाहरू परिवार बाट अलग हुँदा उनीहरुमा पर्ने हानीनोक्सानी बारे ८० वर्ष लामो अध्ययनले देखाएका तथ्य देखाउदै तलका बुँदाको सहयोग लिदै व्याख्या गर्ने ।

### बुँदा ३.२.१ बाल बिछोड जीवनको निकै पीडादायी/दर्दनाक घटना




- विगत ८० वर्ष लामो बालबिछोड सम्बन्धी विश्वव्यापी अध्ययनले बालबालिका परिवारबाट बिछोड हुनु उनीहरुको जीवनको निकै पीडादायी/दर्दनाक घटना हुन सक्ने देखाउँछ । बाल बिछोडका विविध पक्षहरुले बाल बिछोडले बालबालिकाहरुको विकासमा दुष्परिणाम पार्ने देखाउँछ । बालबालिकाहरूले मायालु र स्याहार पूर्ण वातावरणमा हुर्कने अवसरहरु गुमाउने मात्र नभई कतिपय हिंसात्मक घटना र वातावरणको समेत सामना गर्नु परेको हुन्छ । बालबालिकाहरूको अधिकार हनन् र सम्झौतापूर्ण बालविकास दुई प्रमुख पक्षको रुपमा बालबालिकाहरूको सर्वोत्तम हितको अवरोधक भएको प्रष्ट पार्ने ।

### बुँदा ३.२.२ मनोविज्ञान र बाल विकासमा पर्ने असर

- हानी नोक्सानीका प्रमाणहरुलाई विभिन्न मनोविज्ञान र बाल विकासका सिद्धांत तथा प्रयोगहरुले व्याख्या गरेका छन् । धेरै अनुसन्धानले बाल बिछोडको कारणले बालबालिकाहरुको प्रारम्भिक जीवन अनुभव र सुरक्षित जग निर्माणमा प्रश्न खडा गर्ने, सुरक्षित सामिप्यता विकासको अभावमा जीवन भर कमजोर भावनात्मक अवस्था सामना गर्ने, अल्पकालीन, दीर्घकालीन र प्राणघातक हानी-नोक्सानी भोग्नु पर्ने पुष्टि गरेको व्याख्या गर्ने ।



### बुँदा ३.२.३ शिशुकालको भोगाई र मस्तिष्क विकासमा पर्ने असर




- शिशुकालको पहिलो केही महिनाको भोगाईले नै बालविकासको दिशा निर्धारण गर्ने गर्छ । श्रोत सामग्री मार्फत न्युरोलोजिकल (स्नायुसम्बन्धि) अध्ययनले संस्थागत स्याहारमा र परिवारमा हुर्केका बालबालिकाको मस्तिष्क विकासमा पारेको असर व्याख्या गर्ने । ३ महिना संस्थागत स्याहारमा राखिदा अरु सामान्य अवस्थामा भन्दा बालविकास एक महिना ढिलो विकास हुने देखिएको बताउने । वैज्ञानिक अध्ययनले बाल्यवस्थाको परिवार तथा हेरचाहकर्ताहरु संगको माया ममता र सामिप्यताले बालबालिकाहरूको वयस्क अवस्थाको विकासमा महत्वपूर्ण भूमिका खेल्ने देखाएको प्रष्ट पार्ने । श्रोत सामग्री मार्फत बाल बिछोडका दुष्परिणाम प्रमाण सहित छलफल गर्दै व्याख्या गर्ने ।

### बुँदा ३.२.४,३.२.५,३.२.६,३.२.७ बाल बिछोडको हानी–नोक्सानीका प्रमाणहरू













- न्युजप्रिन्ट वा पावर प्वाइन्ट स्लाइडमा तयार गरिएको सामग्री देखाउँदै बालबालिकालाई हुने हानीको विविध पक्षबारे छलफल गर्नै सहभागीहरुलाई विषयको गाम्भीर्यता प्रति सजग गराउने ।

## क्रियाकलाप ३.३ : छलफल (समय १५ मिनेट)

बाल बिछोडले यति धेरै हानी नोक्सानी गरेतापनि सरकारी स्तरबाट बालसंरक्षणका कार्यक्रमहरु असाध्यै न्यून छन् । बालबालिकाहरुलाई बिछोडको हानी नोक्सानीबाट बचाउन बालबालिकाका मुद्दामा काम गर्ने संघसंस्थाको कर्तव्य के कस्ता हुन्छ ?

- सहभागीहरुको माझ प्रश्न राख्ने । सहभागीहरुबाट आएका बुँदाहरु टिपोट गर्दै जाने र संघसंस्थाको जिम्मेवारी र कर्तव्यको बारेमा बोध गराउने । सहभागीहरुलाई आफु पनि यसका लागि सक्रिय हुनु पर्ने कुरामा जोड दिने ।
- छलफल पछि मुख्य सन्देश सहित बालबालिकाको संरक्षण र सुरक्षा प्राथमिकता राख्दै पारिवारिक बिछोडको दुष्परिणामबाट बालबालिकालाई जोगाउनु हरेक बालबालिकाको मुद्दामा काम गर्ने संस्था जिम्मेवार हुने प्रष्ट पार्ने ।

## मुख्य सन्देश

✍ बाल बिछोडका तत्वहरु अन्तर्गत व्यक्तिगत स्याहार र आमाबुवाको उचित अभिभावकत्वको अवसर गुमाउनु आन्तरिक र सुरक्षित आत्मीय सम्बन्ध बनाउने अवसर गुमाउनु, पारिवारिक वातावरण र समुदायमा घुलमिल हुने अवसर गुमाउनु, स्वस्थकर भावनात्मक र संज्ञानात्मक विकासको अवसर गुमाउनु र समग्रमा भन्नुपर्दा स्वस्थ बाल विकासको अवसर गुमाएको अवस्था पर्दछ ।

✍ त्यसैगरी संस्थागतीकरण संस्था भित्र भएको संस्कारसँग अन्तर सम्बन्धित हुन्छ । आदेशात्मक नियन्त्रण, परिवारबाट टाढा, समुदाय र बाहिरी संसारबाट अलग्याई राखिएको, बालबालिकाहरूको व्यक्तिगत इच्छा र चाहनालाई भन्दा पनि संस्थाको स्वार्थ प्राथमिकता यसका नकारात्मक पक्ष हुन् ।

✍ बन्धकपूर्ण नियन्त्रित बाल जीवन जहाँ नकारात्मक/पीडादायी अनुभव, कामको अधिक चाप, अपमानजनक जीवनस्तर, हिँडडुल गर्ने स्वतन्त्रतामा सीमा निर्धारण, दुर्व्यवहारको जोखिम, शोषण अत्याचार, बेवास्ता, तस्करी र ज्यान लिने धम्कीहरु पर्दछन् ।

✍ जब बालबालिकाहरु आमाबुवासँग बिछोडिएर संस्थाहरुमा, रोजगारदाताहरुसँग, आफन्त नातेदारहरुसँग वा अरु कोहीसँग बस्दछन् तब उनीहरु बालविकासको हेरचाहसँग सम्बन्धित पक्षहरुबाट वञ्चित हुन्छन् र ढिलो विकास हुने सम्मको अवस्थामा पुग्दछन् ।

✍ अध्ययनले बालबालिकाहरूको भावनात्मक शैली, वयस्क विकास र जीवनभरिको व्यक्तिको आचरण बीच गहिरो सम्बन्ध हुने देखाउँछ । यसले बालबालिकाहरूको ब्यक्तित्व र भलाईमा रचनाकारको रुपमा काम गर्छ ।

✍ नेपालको बालबालिका संरक्षण संरचना र कार्यक्रम बालबालिकाको पारिवारिक बिछोड रोक्न सुरक्षा कवचको रुपमा विकास र कार्यान्वन गर्नु अत्यावश्यक छ ।

# सत्र ४
# नेपाल सबैको चासोको देश !
# पारिवारिक बिछोडका चिन्ताजनक पक्षहरू

समयः १/२ घण्टा


विधि : व्याख्यान, छलफल

सामाग्री : पावर पोइन्ट/न्युज प्रिन्ट पेपरमा तयार सामाग्री , फ्लिप चार्ट, मार्कर, मेटाकार्ड

✓ *नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः https://www.stopchildseparation.org/post/category/prechise-managers-training-manual*

## सत्रको उद्देश्य

नेपालमा रहेको बाल बिछोडको कारण पूनरावलोकन गर्दै यसका उदयमान प्रवृति विश्लेषण, अनाथालय तस्करी र बाल बिछोडको सम्बन्ध छलफल गर्दै, अनाथालय तस्करीको नेपालको स्थिति परिवर्तन गर्न बालबालिकाका मुद्दामा कार्यरत संस्थाको भूमिका विषयमा चिन्तन र चासो वृद्दि गर्ने भएको प्रष्ट पार्ने ।




## क्रियाकलाप ४.१ : छलफल र व्याख्यान (समय १५ मिनेट)

- निम्न प्रश्नमा सहभागीहरुको आफ्नो विचार सोध्ने
  १. अगाडीको सत्रमा भनेका जस्तै गरीवी, शिक्षा, अवसरको लोभ बाहेक नेपालमा अन्य के के कारणले बाल बिछोड भइरहेको छ?
  २. बाल बिछोडका उदयमान प्रवृत्तिहरु केही छन् ? कसरी यसले बालबालिकालाई परिवारभन्दा टाढा पठाउन प्रभावित गर्छन् ?
  ३.बालतस्करी बाल बिछोडसंगको सम्बन्ध कस्तो छ? सहभागीहरुको माझ प्रश्न राख्ने ।
- सहभागीहरुबाट आएका बुँदाहरु टिपोट गर्दै जाने ,सहभागीहरुको भनाई एकिकृत गर्ने र श्रोत सामग्री स्लाईड वा न्यूज प्रिन्टमा तयार पारिएका सामाग्री देखाउने र बुँदागत रुपमा सहभागिमूलक तरिकाबाट व्याख्या गर्दै जाने ।





### बुँदा ४.१.१ नेपालमा पारिवारिक बाल बिछोडका कारणहरु

- सन् २०१६ मा डा. क्रिसि गेल र चन्द्रिका खतिवडाले नेपालमा वैकल्पिक हेरचाह प्रबन्धको

विषयको अध्ययनले बालबालिकाहरू पारिवारिक बिछोडमा पर्नुको मुख्य तीनवटा कारणहरु देखाएको तथ्य बताउने र अघिल्लो छलफलमा आएका विचार समेट्दै हालको अवस्था समिक्षा गर्ने । उक्त अध्ययनमा अपाङ्गता भएका बालबालिकाहरूको बारेमा उल्लेख गरेको नभएता पनि अपाङ्गता हुनुपनि नेपालमा बाल बिछोडको एउटा महत्वपूर्ण कारण भएको र यो कुरा खगेन्द्र नवजीवन केन्द्र, श्रवणशक्ति कमजोर भएका बालबालिकाहरु राख्नका लागि अलग्गै संस्था स्थापना गरिएको घटनाबाट पनि थाहा पाउन सकिने छलफल गर्दै प्रष्ट पार्ने ।


**बुँदा ४.१.२ बाल बिछोडको नयाँ शैली तथा कारणहरु**

- बदलिँदो परिस्थिति सँगै बाल बिछोडका नयाँ नयाँ तरिका र कारणहरू सहभागीहरुबाट आएका बुँदाहरु सहित छलफल गर्दै पहिचान गर्ने ।





**बुँदा ४.१.३ बाल बिछोडका अपराधिक पाटाहरु र नेपालमा अनाथालय बाल तस्करी**

- नेपालको सामाजिक अवस्था र राजनीतिक अस्थिरताले आफ्नो स्वार्थ पुरा गर्न बालबालिका परिवार र आमाबुवा बाट अलग्याई अनाथालयमा राखिने घटना व्यवसायको रुपमा फस्टाएको पाईन्छ । नेपालमा अन्तरदेशीय धर्म पुत्र पुत्री ग्रहणलाई रोक लगाए पछि तस्करहरुले आफ्नो कार्यशैलीलाई परिवर्तन गर्दै अनाथालय खोल्ने, दातृ निकायबाट पैसा लिने जुक्ति अपनाएको घटनाक्रम छलफल गर्ने ।




- अनाथालयमा बसिरहेका, अनाथ भनिएका बालबालिकाहरू मध्ये ८५ प्रतिशत बालबालिकाहरूको आमाबुवा मध्ये एक जीवित नै रहेको, धेरै बालबालिकाहरुलाई आफ्नो वास्तविकता र पहिचान लुकाउनका लागि बाध्य पारिएको, आफ्नो परिवार र समुदायको सम्पर्कबाट अलग गरिएको, दुर्व्यवहार र शोषण गरिने, दातृ निकाय वा दानकर्ताबाट सहयोग पाउनका नियतपूर्ण दयनीय अवस्थामा राखिने तथ्य छलफल गर्ने । यसले आधुनिक दासत्वलाई प्रतिनधित्व गरेको र २०१७ को अमेरिकि टि आइ पी रिपोर्टले नेपालमा अनाथालय माध्यमबाट बालबालिकाहरूको बेचविखन हुने गरेको घटनालाई उजागर गरेको तथ्यमा सहभागीको ध्यान आकृष्ट गर्दै नेपालको छवि धमिलिएको बिषयमा चासो र चिन्ता अभिवृद्धि गर्ने ।




- अनाथालयलाई गरिने सहयोग वा दान अझै पनि जारी रहेको अवस्थमा बालबालिकाहरूको अधिकारका लागि काम गर्ने संघसंस्थाहरुले यो मुद्दालाई सम्बोधन गर्न बालबालिकाको पारिवारिक हेरचाहको अधिकार सुनिश्चित गर्नेतर्फ कुशलतापूर्वक पहल गर्ने अत्यावश्यक रहेको विषयमा सहभागी बिच सहमति निर्माण गर्ने छ ।

## मुख्य सन्देश

- ✍ विकासोन्मुख देशहरुमा जस्तै नेपालमा पनि बालबालिकाहरुको परिवारसँग बिछोड हुने कारणहरु गरिबी, निम्नस्तरको सामाजिक-आर्थिक अवस्था, आमाबुबाले निभाउनुपर्ने कर्तव्यको बारेमा ज्ञानको कमी हुने गरेका छन् । त्यहाँ उच्च जीवनस्तर, शिक्षाको अवसर र सुन्दर भविष्यको परिकल्पनाले गर्दा बाल बिछोड बढिरहेको छ । नेपालको फितलो बालसंरक्षण अनुगमन प्रणालीले गर्दा नेपालमा पारिवारिक बिछोड बढेको देखिन्छ ।
- ✍ समय सँगसँगै बालबालिका परिवारबाट अलग्गिने नयाँनयाँ कारक तत्वहरू र तरिका/ शैलीहरू निस्किरहेका छन् र बाल बिछोडको घटनाहरु विभिन्न आयामहरुमा भईरहेको देखिन्छ ।
- ✍ बाल बिछोड र बालबालिका तस्करको एक आपसमा बलियो सम्बन्ध छ । अनाथ आश्रमको माध्यमबाट बालबालिकाहरुलाई उज्ज्वल भविष्य निर्माण गरिदिने प्रलोभनमा देश भित्र र देश बाहिर हुने तस्करी सम्म बिस्तारित छ । तस्करीको प्रकृति अन्र्तदेशीय धर्मपुत्र पुत्रीको ग्रहण देखि लिएर दाताहरुलाई अनाथ आश्रममा दान गर्न राजी गराउने सम्म छ । यसको सञ्जाल घरेलु श्रमिकको रुपमा देशभित्रै, मनोरञ्जनको क्षेत्रमा प्रयोग हुने बालबालिका र सीमापारि हुने तस्करी सम्म विस्तारित छ ।

# सत्र ५
# बालबालिकालाई परिवारसंगै राखौं !
# द्वारपालन संयन्त्र र प्रभावकारिता

समयः १ घण्टा

विधि : व्याख्यान, छलफल, मामला अध्ययन

सामाग्री : पावर पोइन्ट/न्युज प्रिन्ट पेपरमा तयार सामाग्री , फ्लिप चार्ट, मार्कर, मेटाकार्ड

✓ *नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः https://www.stopchildseparation.org/post/category/prechise-managers-training-manual*

## सत्रको उद्धेश्य

यस सत्रमा सहभागीहरुले हाल विद्यमान बाल संरक्षणको अवस्था मध्यनजर गर्दै द्वारपालन संयन्त्र र यसको प्रभावकारिता बुझ्नुको साथै नेपालमा बाल संरक्षणमा द्वारपालन संयन्त्र आवश्यकता तथा आंकलन गर्न सक्ने छन् ।

## क्रियाकलाप ५.१ : छलफल र व्याख्यान (१५ मिनेट)

- तयार पारिएको पावर प्वाईन्ट स्लाईडहरु वा न्यूज प्रिन्टमा लेखिएका बुँदा क्रमशः सहभागितामुलक तरिकाबाट छलफल सहित व्याख्या गर्न र सहभागीको कुरा पनि लिंदै साझा बुझाई बनाउने ।




### बुँदा ५.१.१ बाल बिछोडको चक्र

- तयार पारिएको बाल बिछोडको चक्र-सामाग्री देखाउदै बाल बिछोडका लागि परिवार सहित कसरी समुदाय र सरकारले पनि भूमिका खेलेको हुन्छ तिन चक्रका तत्वहरु छलफल गर्दै व्याख्या गर्ने । घर परिवारले झेलिरहेका धेरै समस्याहरु गर्दा आफ्नो बालबच्चाहरु घरबाहिर पठाउनका लागि सोच्न बाध्य हुने, छरछिमेक, विद्यालय, समुदाय आदि सबैले झन् समस्या थपिदिने र यस्तोबेलामा राष्ट्रबाट त्यस्ता समस्या भोगिरहेका परिवारलाई उचित पारिवारिक सेवा सुविधा, सहयोग र संरक्षण केहिपनि प्राप्त नहुने भए परिवार आफ्ना बच्चा घर बाहिर पठाउन कसरी बाध्य हुन्छन् सहभागितामुलक छलफल सहित व्याख्या गर्ने ।




### बुँदा ५.१.२ परिवार संगै राख्न सहयोगी चक्र

- सहभागीहरु संग बाल बिछोडको चक्रलाई परिवारमा हुर्कने सहयोगी चक्रमा परिवर्तन गर्ने उपायहरू छलफल गर्ने । यदि बालबालिका र परिवारले भोगिरहेका समस्याहरु समाधान गरियो, यदि समुदायका मानिसहरु

तस्कर र बाल बिछोडको जोखिममा रहेका परिवारको बारेमा सतर्क भए , विद्यालयको पठनपाठन स्तरीय बने, अपाङ्गताको विषयमा जनचेतना जगाउने ,भेदभाव नगर्ने काम गरियो भने र पारिवारिक बिछोडको जोखिमपूर्ण अवस्थामा रहेका परिवारलाई नगरपालिका स्तरबाट परिवार सहायता नीति र कार्यक्रम बनाएर कार्यन्वयन गरियो भने, उक्त परिचक्रलाई परिवर्तन गरेर सहयोगको परिचक्र बनाउन सकिने साझा बुझाई बनाउने ।

**बुँदा ५.१.३ सहयोगी चक्र निर्माण गर्न संयुक्त राष्ट्रसंघीय वैकल्पिक हेरचाह निर्देशिका**





- बालबालिकाहरु आफ्नै परिवारमा राख्ने परिचक्र निर्माण गर्न संयुक्त राष्ट्रसंघको वैकल्पिक हेरचाह निर्देशिकामा तीन आधारहरु र यसका क्रियाकलापहरुले बालबालिका हेरचाहको एउटा व्यवस्थित दृष्टिकोण बनाएका र त्यसलाई द्वारपालन भनिएको व्याख्या गर्ने । द्वारपालनको अर्थ बालबालिकालाई बिछोड हुने हानी-नोक्सानीबाट जोगाउन निगरानी गर्ने , बालबालिकाहरुको अनावश्यक बिछोडलाई रोकथाम गर्ने, आवश्यकता पऱ्यो भने उद्दार गरेर छोटो वैकल्पिक हेरचाहमा राख्ने, समस्या/संकटको व्यवस्थापन भएपछि आफ्नै परिवारमा फर्काउने वा परिवारमा आधारित हेरचाहमा राख्ने, तयार पारिएका सामाग्री सहित छलफल गर्दै व्याख्या गर्ने ।

## क्रियाकलाप ५.२ : गेटकिपिङ संयन्त्र कस्ता हुन्छन् ?

**मामला अध्ययन** (४० मिनेट)

- सहभागीहरुलाई अगाडिकै तीन समूहमा बस्न लगाउने । मोल्दोभा ,ब्राजिल र रुवान्डा (सन्दर्भ सामाग्री ऐनेक्स ५.२ क,ख,ग) ३ वटा देशको मामला अध्ययन गरी तलका प्रश्नहरुमा छलफल गरि प्रस्तुति गर्न लगाउने ।




**घटना अध्ययनका प्रश्नहरु**

१. संम्बन्धित देशमा बाल बिछोड हुनुको कारण के के थियो ?

२. बालबालिकाहरुलाई परिवारमा राख्ने प्रणाली र प्रक्रियाहरु के थिए ?


३. बालबालिकाहरुलाई परिवारमा राख्नको लागि नेपालमा लागु गर्न सक्ने उपायहरु के के हुन सक्छन् ?

✓ नोट : यी मामला अध्ययन वेटर केयर नेटवर्क बाट प्रकाशित रिपोर्ट बाट साभार गरिएको छ । पूर्ण पाठ www.stopchildseparation.org लिंकमा उपलब्ध छ ।

- सहभागीहरुलाईको प्रस्तुति पछि, देश र परिवेश अनुसार गेट किपिंगको तरिका फरक फरक हुन सक्ने मामला अध्ययनले देखाएको छोटकरीमा तयारि स्लाइड वा सामग्री बाट प्रस्तुत गर्दै सत्र अन्त


### बुँदा ५.२.१ क मोल्दोभाको बहुक्षेत्रीय आयोगमा आधारित नमुना

- मोल्दोभामा जिल्ला, क्षेत्रीय, राष्ट्रिय र केन्द्रीय रुपमा विभिन्न स्तरहरुमा फरक-फरक आयोगहरु छन् । यहाँ बिछोडको जोखिम र वैकल्पिक हेरचाहको आवश्यकता परेका बच्चाहरूको आँकलन तयार गर्ने र सम्बन्धित निकायलाई सिफारिस गर्ने संयन्त्र छ । प्रतिबद्ध द्वारपालको प्रभाव स्वरुप संस्थागत स्याहारमा बस्ने बच्चाहरूको संख्यामा कमी, परिवारमा आधारित हेरचाह को व्यवस्था र आवासीय संस्थाहरु बन्द भएको प्रष्ट गर्ने ।





## बुँदा ५.२.१ ख ब्राजिलको अन्तरनिकायात्मक नमूना

- ब्राजिलले विभिन्न स्तरमा, विभिन्न निकायहरुको संयन्त्रद्वारा काम गर्छ । तीन तहका निकायहरु मर्फत्, बाल अदालत तथा कानुनी संयन्त्रको माध्यमबाट गेटकिपिङ्ग गरिएको पाइएको छ । सामुदायिक सामाजिक सहयोगबाट परिवार सहयोग कार्यक्रम प्रदान गरिएको प्रष्ट गर्ने ।




## बुँदा ५.२.१ ग रूवान्डाको परिवार र समुदाय सहायता नमुना

- रुवाण्डाले वृहत कानुनी र परिवार प्रवर्द्धन सेवा सहित परिवार तथा समुदायस्तरमा सहयोग नमुना अनुसार काम गरेको छ । चार तहका द्धारपालन पद्धति परिवार सहयोग सामुदायिक सहयोगमा आधारित देखिन्छ र परिवार सम्वर्द्धन मन्त्रालयले यसको नेतृत्व लिएको प्रष्ट गर्ने ।



## मुख्य सन्देश

✍ गेटकिपिङ्ग प्रणली संयूक्त राष्ट्र वैकल्पिक हेरचाह निर्देशिकाद्वारा बनाएको संयन्त्र हो जसले बालबालिकाहरु अनावयश्यक रुपमा परिवारबाट नअलग्गिन, अति आवश्यक अवस्थामा छोटो समयको लागी उपयुक्त वैकल्पिक हेरचाह पाउन् र अन्तमा परिवारमा आधारित हेरचाहमा नै पूर्नमिलन हुन् भनि सुनिश्चितता गर्दछ ।

✍ देश र परिवेश अनुसार गेटकिपीङ्गका संयन्त्र तथा प्रक्रिया फरक फरक हुन सक्छन् ।

✍ घटना अध्यनका देशहरु पनि नेपालमा जस्तै सामाजिक र आर्थिक अवस्थाका कारणले बालबालिकाहरु बाल बिछोडमा परेको अवस्थामा गेटकिपिङ्ग प्रणलीले बालालिकालाई सस्थागतिकरणबाट बचाउदै पारिवारिक हेरचाहमा रुपान्तरण गर्न सफल भएको उदाहरण हुन् । यी नमुनाको आधारमा नेपालमा पनि गेट केपिंग संयन्त्र विकास गर्न सकिन्छ । यसका लागि बाल अधिकार क्षेत्रमा काम गर्ने संस्थाहरुको प्रमुख भूमिका खेल्नु पर्दछ ।

# सत्र ६
# सुदृढ संस्था सुरक्षित बालबालिका !
# बलियो बाल अधिकार संस्था निर्माणका पक्षहरू

समयः ४५ मिनेट

विधि : व्याख्यान, छलफल

सामाग्री : पावर पोइन्ट/न्युज प्रिन्ट पेपरमा तयार सामाग्री , फ्लिप चार्ट, मार्कर, मेटाकार्ड

✓ *नोट :सन्दर्भ सामाग्री डाउनलोड लिङ्कः https://www.stopchildseparation.org/post/category/prechise-managers-training-manual*

## सत्रको उद्देश्य

सुदृढ संस्था भएमात्र बालबालिका सुरक्षित बनाउन सकिन्छ। त्यसैले यस सत्रमा बाल अधिकार संस्थाका विशेषता पूनरावालोकन गर्दै, बाल बिछोडको हानीबाट बालबालिकालाई बचाउन आमाबुवाबाट हेरचाह बाल अधिकार समाहित गर्दै संस्था सवलीकरण र आमाबुवाबाट हेरचाह बाल अधिकार संस्थागतीकरण गर्न के के गर्न सकिन्छ भन्ने विषयमा संस्थाका नेतृत्व वर्गमा महत्वपुर्ण सोच विकास गर्न मद्दत गर्ने रहेको बताउने ।

## क्रियाकलाप ६.१ संस्थागत छलफल (समय १५ मिनेट)




- सहभागीहरुलाई बाल अधिकार क्षेत्रमा काम गर्ने संस्था विशेष मूल्य र मान्यतामा आधारित हुने बताउदै, आ-आफ्नो संस्थाको प्रमुख विशेषता मेटाकार्डमा लेख्न लगाउने र "संस्थागत विशेषता" लेखेको खाली चार्ट पेपरमा टाँस्न लगाउने ।
- सहभागीका संस्थाका विशेषता पढ्दै, यस प्रशिक्षणमा भने ५ प्रमुख विशेषता माथि छलफल हुने बताउने र तयारी सामाग्रीमा लेखिएका ५ विशेषता पढ्ने (मानव सेवाको मूल्य र नैतिकता पालना, बाल सहभागिता र सशक्तिकरण प्रोत्साहन, ,प्रभावकारी मानव संसाधन व्यवस्थापन, ज्ञानअभिवृद्धि तथा तालिम गतिविधि सञ्चालन, अनुकूलन, नवीनता र निरन्तर सुधार सुनिश्चितता गर्ने) । (सन्दर्भ स्लाईड सामाग्री ऐनेक्स ६.१ )

## क्रियाकलाप ६.२ : सबल संस्था निर्माणका चुनौती , छलफल र व्याख्यान (समय २० मिनेट)

- तालिम प्राप्त कर्मचारीहरुले काम बिचैमा छोड्दा वा अन्यत्र जाँदा, संस्थाको कार्य दक्षता र सबलीकरणमा चुनौती आएको हुन्छ। घरिघरि एकै विषयमा पटक पटक प्रशिक्षण , अभिमुखिकरण जस्ता श्रोत लगानी गर्नुपर्दा, संस्थाको श्रोत व्यवस्थापनमा ह्रास आएको भेटिन्छ। सहभागीहरुसँग यस बिषयमा आफ्नो अनुभव साटासाट गर्न अनुरोध गर्ने र कसरी यसले संस्थाको स्मृति ह्रास गर्छ छलफल गर्ने ।

- कर्मचारीहरुले पटक पटक संस्था छोड्दा संस्थागत स्मृति पनि कर्मचारीसँगै जानबाट संस्थालाई जोगाउन जरुरी हुन्छ । परियोजनाको प्रकृति अनुसार कर्मचारी काम सकेपछि बिदा हुने र संस्था पूनः पहिलेकै अवस्थामा पुग्ने जोखिमको बारेमा  सहभागीहरुका अनुभव बाड्न लगाउने । यस अवस्थाबाट जोगिन, आफ्नो कार्यक्रम र कर्मचारी मार्फत आर्जन गरेको ज्ञान व्यवस्थापन गर्नु अत्यन्त महत्वपूर्ण हुने र स्मृति विभिन्न रुपमा व्यवस्थापन गर्न सकिने  (औपचारिक रेकर्ड/आलेख, व्यक्तिगत र संस्थागत संस्कृति धारणा आदि) व्याख्या गर्ने ।
- संस्था सबल हुने अर्को पक्ष भनेको स्मृति व्यवस्थापन र ज्ञान व्यवस्थापन हुने बताउने र संस्था स्मृति व्यवस्थापन विधिका ३ चरणहरु आफ्नो आफ्नो संस्थामा गरिएको छ कि छैन,गरिएको छ भने कसरी गरिएको छ छलफल गर्ने ।

१.स्मृति अधिग्रहण

२.धारणगर्ने  (व्यक्तिगत, संस्कृति, रूपान्तरण, संरचना, गतिविधिहरू )

३.पुनर्प्राप्ति

- सहभागीहरुबाट आएका बुँदाहरु टिपोट गर्दै जाने र सहभागीहरुको भनाई एकिकृत गर्ने । संस्थागत कामको लागि कार्यालयकै कम्पुटरको प्रयोग ,कामका विवरण, डाटा इत्यादि आलेखहरु संस्थाको भण्डारण प्रणाली(जी ड्राईव)मा व्यक्तिगत फोल्डर बनाई राख्ने, आवधिकरणको लागि यी प्रणाली अनुगमन गर्ने, समय समयमा स्थायी भण्डारण गर्ने,व्यक्ति संस्थाबाट बाहिरिनु पुर्व यी स्मृति संरचित छ छैन हेरर मात्र बिदा गर्ने, जाने व्यक्तिलाई हाल सम्मको कामको हस्तान्तरण नोट बानाउन लगाउने(कामको हालसम्मको स्थिति, गर्नु पर्ने कामको विवरण, काम सम्बन्धित सम्पर्क नम्बर, इमेल आदि)कार्य प्रयोगमा रहेको बताउने । संस्थागत मापदण्ड र सिद्धान्तहरु सम्भव भएसम्म कर्मचारीको सहभागितामा बनाउने,प्रष्ट देखिने ठाउँमा टाँस्ने, नयाँ कर्मचारी अभिमुखीकरण गर्ने, कर्मचारीका ज्ञान, सीप आदान प्रदान गर्ने कार्यक्रम राख्ने, समय समयमा संस्था र कार्यक्रमको पुनरावलोकन गरि चुनौती र सिकाई अभिलेखीकरण गर्ने कार्यले स्मृति संचितिकरण र व्यवस्थापनलाई टेवा पुराउने गर्छ । स्मृति संस्थाको श्रोत भएकोले कर्मचारीका व्यक्तिगत व्यवसायिक व्यवहार र संस्थागत विधिले स्मृति व्यवस्थापनको संस्कृति विकास गर्ने तथा संस्था सबलीकरणतिर रुपान्तरण हुने बताउने ।

## क्रियाकलाप ६.३ सबल संस्था निर्माण गर्न आन्तरिक अनुगमन, मूल्यांकन र सिकाई प्रणाली, व्याख्यान (समय १० मिनेट)

- तयारी सामग्री बाट बालअधिकार संस्था कार्य प्रणाली पिरामिड देखाउदै, सबल संस्था निर्माण गर्न आन्तरिक अनुगमन, मूल्यांकन र सिकाई प्रणालीको तीन तह देखाउर्दै सुशासनको नेतृत्व लिने संचालक समिति, व्यवस्थापन प्रमुख तथा परियोजना प्रमुखले आफ्नो मातहतका कर्मचारीहरुलाई समय सापेक्ष अनुगमन, मूल्यांकनको साथै बालबालिकालाई परिवारमा राख्न आवश्यक प्रशिक्षण र सहयोग प्रदान गर्नु आवश्यक हुने र संगठनात्मक प्रणालीका व्यवस्थापकिय र परियोजना प्रमुखहरुका भूमिका कति महत्वपूर्ण हुन्छ बोध हुने गरि व्याख्या गर्ने ।



- बाल अधिकार संस्थाहरुले आफ्ना कुनै पनि कार्यक्रमले आमाबुवाबाट बालबालिका अनावश्यक अलग गर्न कुनै भुमिका नखेलोस् भन्ने सुनिश्चित गर्न, आफ्नो सिद्धान्तका साथै कर्मचारीमा बालबालिकाको आमाबुवाबाट हेरचाह बाल अधिकारका मूल्य, ज्ञान, सीप, दक्षता सवलीकरण गर्दा आमाबुवाबाट हेरचाह बाल अधिकार संस्थागतीकरण हुने बताउदै सत्र समापन गर्ने ।

## मुख्य सन्देश

✍ बाल अधिकार संस्थाहरु मानवीय मूल्य र मान्यता र सिद्धान्तबाट निर्देशित हुन्छन् । बालबालिकालाई बाल बिछोडको हानीबाट बचाउन आफ्ना मूल्य र मान्यता र सिद्धान्तले बालबालिकालाई उनीहरुको सर्वोत्तम हितमा बाधा नपरे सम्म परिवार साथै राख्न निर्देशन गर्नुपर्छ ।

✍ नेपालमा बाल अधिकार संस्थाहरु एन.जी.ओ/ सी.बी.ओ.को रुपमा काम गर्छन् । यी संस्थाहरु दातृ निकायको आर्थिक सहयागमा चलिरहेको हुन्छन् । दक्ष जनशक्तिको अभावको साथसाथै कर्मचारीसंगै संस्थागत स्मृति र श्रोत पनि बाहिरिने समस्या हुन्छ जसले बाल संरक्षण र अधिकार सुनिश्चिताका कमजोर हुने र बालविछोड क्रम जारिरहने जोखिम रहन्छ । तसर्थ बाल अधिकार संस्थाहरु यस विषयमा सबल हुन संस्थागत स्मृति र ज्ञान व्यवस्थापन गर्नु अत्यन्त जरुरी हुन्छ ।

✍ आमाबुवाबाट हेरचाहको बाल अधिकार विषयमा सबल संस्था हुन व्यवस्थापकिय र परियोजना प्रमुखहरुले तिन तहको संस्थाकार्य प्रणाली पिरामिड अनुरुप आफ्नो मातहतका कर्मचारीहरुलाई समय सापेक्ष अनुगमन, मूल्यांकनको साथै बालबालिकालाई परिवारमा राख्न आवश्यक प्रशिक्षण र सहयोग प्रदान गर्नुपर्छ ।

# सत्र ७
# सबै बालबालिकालाई आमाबुवाको हेरचाह !
# संस्थागत प्रणालीमा आमाबुवाबाट हेरचाहको बाल अधिकार

समयः ३० मिनेट

विधि : समुहगत छलफल र प्रस्तुति

## सत्रको उदेश्य

सबै बालबालिकाको लागि आमा बुवा र परिवारको हेरचाह सुनिश्चित गर्न तिन तह प्रणालीलाई कसरि परिचालन गर्ने भन्ने विषयमा सोच र योजना बनाउन सहयोग गर्ने रहेको बताउने ।

## क्रियाकलाप ७.१ : संस्थागत प्रणालीमा आमाबुवाबाट हेरचाहको बाल अधिकार समायोजन सहभागीहरुलाई

सुशासन, व्यवस्थापन र कार्यान्वयन गरी तीन समूहमा विभाजन गराउने र आफ्नो आफ्नो तहबाट कसरी आमाबुवाबाट हेरचाहको बालअधिकार एकीकृत/समायोजन गरी बालबालिकालाई परिवारसंगै राखि, सुरक्षित वातावरण सुनिश्चित गर्न सकिन्छ छलफल गरि समूहगत प्रस्तुति गर्न लगाउने । प्रस्तुति पछि आफ्नो संस्थागत प्रणालीलाई बालबालिका परिवारसंगै राख्न सक्षम हुनेगरि सुदृढ गर्नु हुने विश्वासको साथ सबैलाई धन्यवाद दिने ।

यसै साथ प्रशिक्षण कार्यशाला सत्र सकिएको जानकारी दिदै सहभागीहरुलाई केही नबुझेका कुराहरुलाई प्रष्ट हुनका लागिसमय दिने,प्रतिकृयामा आएका प्रश्नलाई प्रष्ट पार्ने ।

# सत्र ८
# समापन

प्रशिक्षण कार्यशाला सत्र सकिएको जानकारी दिदै सहभागीहरुलाई प्रशिक्षणको कस्तो भयो भनि प्रतिक्रिया लिने । यसका साथै सहजीकरण, सहभागिता, तालिम विधि, व्यवस्थापन विषयमा प्रतिक्रिया लिन व्यक्तिगत फारम भर्न लगाउन पनि सकिन्छ । यस बाहेक मूल्यांकनको अरु विधि पनि अपनाउन सकिनेछ ।

अन्यमा सहभागी प्रतिकृया र धन्यवाद दिदै तालिम अन्त्य गर्ने ।

- ✓ नोटः बांकी रहेको समय अनुसार समापन अन्य तरिकाबाट पनि गर्न सकिने छ ।

**समाप्त**